नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

## (प्रथम पटक प्रकाशित मिति २०६९।०३।२०)

यस अस्पतालको आ.व.०६९/०७० को लागि तपसिल वमोजिमका सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वक शिलवन्दी गरी E-Tender मार्फत वोलपत्र दिनु हुन यो सूचना प्रकासित गरिएको छ । साथै यो सूचना यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा पनि हेर्न सकिनेछ ।

**शर्तहरुः**

१) वोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले सि.नं. १ देखि ३ सम्म ३० (तीस) औ दिन भित्र बोलपत्र दस्तुर रु.३,०००।- र सि.नं. ४ देखि ६ सम्म को लागि बोलपत्र दस्तुर रु.१,०००।- तथा सि.नं.७ र ८ को लागि १५ औं दिनभित्र बोलपत्र दस्तुर रु.३००।- फिर्ता नहुने गरी दाखिला गरी निवेदन दिई यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न सूचना प्रकाशन भएको मितिले १५ औ तथा ३० औं दिन कार्यालय समय भित्र हुनेछ । साथै बोलपत्र खरीद गर्नको लागि निवेदकले आ.व.२०६८/०६९ को लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र आयकर दर्ता प्रमाणपत्र तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र ०६७/०६८ को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति अनिवार्य संलग्न राखी वोलपत्र खरीद गर्न निवेदन पेश गर्नुपर्नेछ ।

२) खरीद भएको बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले सि.नं १ देखि ६ सम्म ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र तथा सि.नं.७ र ८ को बोलपत्र १६ औं दिनको १२:०० वजे भित्र शिलवन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सि.नं.१ देखि ६ सम्म ३१ (एकतीसौं) दिनको २:०० वजे तथा सि.नं.७ र ८ को वोलपत्रहरु १६ औं दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट हुनेछ ।

३) सिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत कवोल रकमको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३००००० खातामा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा पनि स्वीकृत गर्न सकिने छ । साथै बोलपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्रदाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुँदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको औषधी, केमिकल तथा अन्य सामानहरु स्वीकार्य हुनेछैन । साथै औषधीको हकमा WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको हुनुपर्नेछ साथै प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

७) बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्रको खाम बाहिर ठेक्का नं. र सप्लाई गर्न चाहेको समानको नाम स्पष्ट लेखी पेश गर्नुपर्नेछ ।

८)	सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । औषधि तथा केमिकलको हकमा औषधी स्वीकृत प्राप्त औषधि तथा केमिकलमात्र सप्लाइ गर्नुपर्नेछ । गुणस्तरहिन औषधि तथा केमिकल स्वीकार्य हुने छैन । आवश्यक परेमा औषधी र ल्याव केमिकल्सहरुको परीक्षण गर्न लाग्ने खर्च सप्लाई गर्ने फर्मले व्यहोर्नुपर्नेछ ।

९)	बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१०)	सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएको १ (एक) महिना भित्र गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन । भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ ।

११)	बोलपत्र दाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न वाँकि रकमबाट असुल उपर गरिनेछ

१२)	संझौता गरी मालसामान सप्लाई नगर्ने फर्म, व्यक्ति, कम्पनी वा संस्था लाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

१३)	थप जानकारीको लागि यस अस्पतालमा सम्पर्क राख्न सकिनेछ ।

१४)	बोलपत्र दाताले एक भन्दा वढी ठेक्कामा भाग लिन चाहेमा अलग अलग ठेक्काको छुट्टाछुट्टै दाखिला गर्नुपर्नेछ ।

१५)	बोलपत्र दाताले जुन ठेक्कामा भाग लिन चाहेको हो सो सम्बन्धी कामको इजाजत पत्र पेश गर्नुपर्नेछ ।

१६)	यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार हुनेछ ।

कार्यालयको नाम :- भरतपुर अस्पताल चितवन ।
कार्यालय कोड नं.:- ३५-३७०-०२
कार्यालय खाता नं.:- १-१-००१
राजश्व शिर्षक नं.:- १४२२७
बैंकको नामः- रा.बा.बैंक.भरतपुर, चितवन

*तपशिल*

| सि.नं. | ठे.नं. | विवरण | बोलपत्र वा दरभाउपत्र | बोलपत्र वा दरभाउपत्र दस्तूर | खरीद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम म्याद | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | २५/०६८/६९ | ल्याव तथा केमिकल | बोलपत्र | ३००० | ३० औ दिन | ३१ आं दिनको १२:०० वजे | ३१ औं दिनको २:०० वजे |
| २ | २६/०६८/६९ | औषधी खरीद | बोलपत्र | ३००० | ३० औ दिन | ३१ औं दिनको १२:०० वजे | ३१ औं दिनको २:०० वजे |
| ३ | २७/०६८/६९ | सर्जिकलजन्य सामान खरीद | बोलपत्र | ३००० | ३० औ दिन | ३१ औं दिनको १२:०० वजे | ३१ औं दिनको २:०० वजे |
| ४ | २८/०६८/६९ | छपाइ सम्बन्धी कार्य | बोलपत्र | १००० | ३० औ दिन | ३१ औं दिनको १२:०० वजे | ३१ औं दिनको २:०० वजे |
| ५ | २९/०६८/६९ | एक्सरे फिल्म तथा केमिकल | बोलपत्र | १००० | ३० औ दिन | ३१ औं दिनको १२:०० वजे | ३१ औं दिनको २:०० वजे |
| ६ | ३०/०६८/६९ | कपडाजन्य सामान खरीद | बोलपत्र | १००० | ३० औ दिन | ३१ औं दिनको १२:०० वजे | ३१ औं दिनको २:०० वजे |
| ७ | ३१/०६८/६९ | सरसफाईजन्य सामान खरीद | दरभाउपत्र | ३०० | १५औ दिन | १६ औं दिनको १२:०० वजे | १६ औं दिनको २:०० वजे |
| ८ | ३२/०६८/६९ | स्टेशनरी सामान खरीद | दरभाउपत्र | ३०० | १५औ दिन | १६ औं दिनको १२:०० वजे | १६ औं दिनको २:०० वजे |

मेडिकल सुपरिटेण्डेण्ट
डा.केशवराज भूर्तेल